# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७५/०२/२२ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---------------------------------------------------

नेपाल चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल काठमाडौंमा सातौं तहमा रेडियोग्राफर अधिकृतका रुपमा कार्यरत कृष्णप्रसाद तिमिल्सिना र सोही अस्पतालमा सेवा आयोगको सचिव पदमा कार्यरत लक्ष्मणप्रसाद अर्यालले जबरजस्ती करणी उद्योग मुद्दाका प्रतिवादी उद्धवप्रसाद नेपाललाई उक्त मुद्दाबाट छुटाउन करणी उद्योग गर्ने मितिमा उपचार गराएको देखिने नक्कली किर्ते कागजातहरु तयार गरी रु.५०,०००।-(पचास हजार) लेनदने गरेको भन्ने व्यहोराको प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरो महाराजगंज, काठमाडौंको उजुरीपत्रको सम्बन्धमा अनुसन्धान हुँदा निज राष्ट्रसेवकहरुले जबरजस्ती करणी उद्योग मुद्दाका प्रतिवादी उद्धवप्रसाद नेपालका ससुरा केदारनाथ पराजुलीसँग रु.५०,०००।-(पचास हजार) लेनदेन गरी उद्धवप्रसाद नेपाल चिकित्सा विज्ञान, वीर अस्पतालमा उपचारार्थ रहेको गलत लिखत तयार गरी नक्कली कागजात पुनरावेदन अदालत, पाटनमा पेश गरेको तथ्य पुष्टि भएको देखिन आएको हुँदा निज राष्ट्रसेवकद्वय कृष्णप्रसाद तिमिल्सिना र लक्ष्मणप्रसाद अर्यालले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ९ बमोजिमको कसूर गरेको देखिन आएको हुँदा निजहरुलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ९ बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

साथै वीर अस्पतालको कागजात अनधिकृत रुपमा गैरकानूनी तवरले थपघट तथा हेरफेर गर्ने केदारनाथ पराजुली तथा जबरजस्ती करणी मुद्दाबाट छुटकारा पाउने उद्देश्यले आफैले बनाएको किर्ते कागजात अदालतमा पेश गर्ने उद्धवप्रसाद नेपालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसुर गरेको देखिन आएकोले निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम जरिवाना र दण्ड सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता